**मिति २०८०/३/५ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. शोक प्रस्ताव सम्बन्धामा ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**<u>बैठकका निर्णयहरु</u>**

<u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शितगंगा नगरपालिका कार्यपालिका सदस्य श्री हेमकला वि.क.का श्रीमान् दुर्गा बहादुर विश्वकर्माको मिति २०८० साल आषाढ १ गते ६६ वर्षको उमेरमा भएको असामायिक निधनले हाम्रो शितगंगा नगरपालिका परिवार स्तब्ध भएको छ। दिवगंत आत्माको चीर शान्तिको कामना गदै शोकाकुल परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दछौं । शोकको यस घडीमा परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस भन्ने कामना सहित सोक प्रस्ताव सर्व सम्मतले पारित गरियो ।

<u>निर्णय नं. २</u>

आजको बैठक भोलि विहान ७ वजे वस्ने गरी यही स्थगन गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८०/३/६ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. राष्ट्रिय समाचार समिति जग्गा माग सम्बन्धमा ।

२. नीति तथा कार्यक्रम सम्बन्धमा ।

३. आर्थिक ऐन, २०८० सम्बन्धमा ।

४. विनियोजन ऐन, २०८० सम्बन्धमा ।

५. आ.व. २०८०/०८१ को वजेट योजना तथा कार्यक्रम सम्बन्धमा ।

६. न्यायीक समितिको प्रतिवेदन सम्बन्धमा ।

७. सुरक्षित नागरिक आवास निर्माण सम्बन्धमा ।

८. खेलाडीको ड्रेस तथा यातायात खर्च भुक्तानी सम्बन्धमा ।

९. योजना संसोधन सम्बन्धमा ।

१०. रकम विनियोजन सम्बन्धमा ।

(११) नक्सा नभएको जग्गाको दर्ताको प्रकृयाको लागि निर्देशन माग गर्ने सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रिय समाचार समिति आफ्नो प्रदेश कार्यालय प्रदेश राजधानी राप्ती उपत्यका दाङ्गबाट सेवा प्रवाह गर्नको लागि शिनपा वडा नं. ८ मा जग्गा माग गरेकोमा वडाको सर्वदलिय बैठकबाट जग्गा उपलब्ध गराउन नगरपालिकालाई सिफारिस गरेको निर्णय प्रतिलिपी र वडाको सिफारिस पत्र सहित वडा नं. ८ पूर्व पश्चिम राजमार्गको सातमारा क्षेत्रमा निर्माणाधिन नेपाल पत्रकार महासंघ प्रदेश समितिको कार्यालयसँगै मोहडा १५ मिटर सहितको २ रोपनी जग्गा उपलब्ध गराई दिन भनि आएकोले उक्त स्थानमा राष्ट्रिय समाचार समिति प्रदेशको भवन निर्माण गर्न २ रोपनी जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व.को नीति कार्यकमका सन्दर्भमा छलफल भयो । नगर प्रमुख बाट तयार भएको नीति तथा कार्यक्रममा केही परिमार्जन तथा संसोधन गर्नु पर्ने भएकोले अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को आर्थिक विधेयक, स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को विनियोजन विधेयक, स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वजेट, योजना तथा कार्यक्रम स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७९/०८० मा हाल सम्म न्यायीक समितिबाट सम्पादन गरिएको कार्यहरुको सन्दर्भमा उप- प्रमुख बाट पेश भएको प्रतिवेदन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा संघीय सरकार तर्फको चालु आ.व.को सशर्त अनुदान तर्फ सुरक्षित नागरिक आवास कार्यक्रमको बाँकी रहेको रकमबाट मिति २०८०/१/१० गतेको सुरक्षित नागरिक आवास समन्वय समितिको बैंठकले सिफारिस गरेका १३१२ घरहरु मध्ये तपशिल बमोजिम कार्यान्वयन गर्ने गरी सिफारिस घरहरु मध्ये प्रति वडा २/२ घर वडाले र कमस ५ र ४ घर प्रमुख, उप प्रमुखले सिफारिस गरी पहिलो किस्ता रकम उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

(क) टिन निलो कलरको लगाउनु पर्ने ।
(ख) घरमा नगरपालिकाबाट प्राप्त भन्ने टिनको स्टीकर ठोकेको हुनु पर्ने ।
(ग) २६ गेजको टिन हुनु पर्ने ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मेयर तथा उपमेयर कप खेलकुद प्रतियोगिता संचालन गर्दा सवै वडाबाट खेलमा सहभागि हुन खेलाडीहरु आउदाको ड्रेस तथा यातायात खर्च प्रतिवडा रु २५०००।- का दरले १४ वटा वडाहरुलाई गत आ.व.को मौज्दात रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा एघारौ नगरसभाबाट वजेट विनियोजन भएकोमा तपशिलको कार्यक्रममा बचत रहेको रकमबाट निम्न बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

तपशिल

| एघारौ नगरसभा तथा का.पा बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| कृषि विकास कार्यक्रम तर्फ को रु ४ लाख मध्येको वचत रकम | १४०००० | श्री सुवोधनी मा.वि.अनुदान | १४०००० | प्रदेश राजश्व |

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा तपशिल बमोजिमका योजना तथा कार्यक्रमको लागि निम्न अनुसारको वजेट गत मौज्दातबाट विनियोजन तथा भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल**

(क) दरवारे हरिओम खोला मो.वा. रु ५००००।-

(ख) बसेनी धोखोला मो.वा. रु ४००००।-

(ग) शिनपा ३ मा भएको आखा शिविरको भुक्तानी रु ३८०००।-

(घ) शिनपा ६ मा भएको आखा शिविरको भुक्तानी रु २३०००।-

(ङ) वडा नं. २ र ७ मा ८४ वर्षको नपुग रकमको लागि थप गर्ने रु ७५०००।-

(छं वडा नं. १३ मा भएको स्वास्थ्य शिविरको भुक्तानी रु ३००००।-

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा अर्घाखाँची जिल्ला साविक सुवर्णखाल, ठाडा, सिमलानी, सितापुर, जलुके, सिद्धारा जुकेना गाविस हालको शितगंगा नगरपालिकाको जग्गा २०४० साल र २०५६ सालमा नापी भएकोमा यस नगरपालिका क्षेत्रमा पुनः नापी कार्य भईरहेको अवस्था छ । यसै सन्दर्भमा कतिपय व्यक्तिहरुको लालपुर्जा भएको र सो बमोजिम भोग चलन समेत गर्दै आईरहेको तर नक्सा नभएको कारण हालको पुनः नापी भईरहेको अवस्थामा जग्गा दर्ता गर्न समस्या भएकोले उक्त लालपुर्जा भई भोकचलन हुदै आएका जग्गा के कसरी सम्बन्धित जग्गा धनिको नाममा दर्ता गर्ने भन्ने सम्बन्धमा समस्या देखा परिरहेकोले नापी विभागमा स्पष्ट निर्देशन माग गर्ने निर्णय गरियो ।

आजको बैठक मिति २०/३/७ विहान ७ वजे वस्ने गरी सर्वसम्मत निर्णय सहित सम्पन्न गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८०/३/७ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

२. नीति तथा कार्यक्रम सम्बन्धमा ।

**<u>बैठकका निर्णयहरु</u>**

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व.को नीति कार्यक्रमका सन्दर्भमा छलफल भयो । नगर प्रमुख बाट तयार भएको नीति तथा कार्यक्रममा केही परिमार्जन तथा संसोधन सहित तेह्रौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय सहित सम्पन्न गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत